नेपाल सरकार

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौँ, नेपाल

फोनः ०१-४५९८०१३/१४, इमेलः info@aepc.gov.np

घरायसी वायोग्यास प्लाण्ट निर्माण तथा जडान कार्यका लागि सूचि दर्ता सम्बन्धि सूचना ।

सूचना प्रकाशित मितिः २०८२/०७/०२

आवेदन पेश गर्ने अन्तिम मिति : २०८२/०८/०१ कार्यालय समय भित्र

नेपाल सरकारद्वारा स्वीकृत नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ का लागि घरायसी वायोग्यास प्लाण्ट निर्माण तथा जडान सम्बन्धि कार्य गर्नका लागि यस केन्द्रबाट सूचीकृत हुनका लागि सम्बन्धित व्यावसायिक संस्था/कम्पनीलाई यसै सूचना मार्फत आवेदन पेश गर्न आह्वान गरिन्छ ।

व्यावसायिक संस्था/कम्पनीको सूचीमा दर्ता गर्नको लागि इच्छुक व्यावसायिक संस्था/कम्पनीहरुले केन्द्रले तोकेको ढाँचामा विवरणहरु तयार गरी मिति २०८२ साल मंसिर १ गते सम्ममा कार्यालय समयभित्र केन्द्रमा आवेदन दर्ता गराउनु पर्नेछ । रित नपुगी वा अन्य ढाँचामा पेश गरिएको आवेदन उपर कार्यवाही गरिने छैन ।

गत आ.व. मा सूचिकृत भई यस केन्द्र संग सम्झौता भएका व्यावसायिक संस्था/कम्पनीको हकमा चालु आ.ब.मा पून सूचीकृत हुन तपशिलमा उल्लेखित बुँदा नं. १ देखि १२ मा उल्लेख भए अनुसारको कागजात मात्र पेश गर्नुपर्ने ।

**तपशिल**

१. व्यावसायिक संस्था/कम्पनी दर्ता प्रमाणपत्र
२. व्यावसायिक संस्था/कम्पनी अद्यावधिक नविकरण प्रमाणपत्र (अद्यावधिक नविकरण गर्नुपर्ने हकमा)
३. PAN/VAT दर्ता प्रमाणपत्र
४ शेयरधनि प्रमाणपत्र
५. नवीकरणीय ऊर्जा क्षेत्रमा कार्य गर्ने उद्देश्य स्पष्ट किटान भएको संस्थाको नियमावली तथा प्रवन्धपत्र
६. आ.ब.२०८१/८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाण र करचुक्ता प्रमाणपत्र पेश गर्ने प्रतिवद्धता पत्र
७. सूचिदर्ता आवेदन
८. व्यावसायिक संस्था/कम्पनी प्रमुखहरुबाट आधिकारीक व्यक्ति प्रमाणित
९. आन्तरिक गुणस्तर नियन्त्रण प्रणाली (IQCM) बमोजिम कार्य गर्ने प्रतिवद्धता पत्र
१०. द्विपक्षिय सम्झौता र प्रतिवद्धता पत्र
११. सहमतिको स्व-घोषणा पत्र
१२. नेपाल सरकार तथा दातृ निकायको कालोसुचीमा नपरेको स्व-घोषणा

(बुँदा नं. ६ देखि बुँदा नं. ११ सम्म भएका कागजातका व्यहोराको ढाँचा **घरायसी बायोग्यास निर्माण तथा जडान सूचिकृत मूल्याङ्कन मापदण्डमा** रहेको छ ।

सबै कागजातहरु व्यावसायिक संस्था/कम्पनीको आधिकारिक व्यक्तिबाट प्रमाणित गरि पेश गर्नुपर्नेछ । प्रतिलिपी मात्र पेश गर्नुपर्ने कागजातको हकमा सो को प्रमाणित प्रतिलिपी र अन्य कागजातको हकमा अनिवार्य रुपमा सक्कल प्रति पेश गर्नुपर्नेछ ।

साथै गत आ.ब.मा सूचिकृत नभएका तर आ.ब. २०८२/८३ मा सूचिकृत हुनका लागि केन्द्रको वेभ साइट www.aepc.gov.np मा भएको **घरायसी बायोग्यास निर्माण तथा जडान सूचिकृत मूल्याङ्कन मापदण्ड मापदण्ड** अनुसार विवरण तथा कागजातहरु पेश गर्नुपर्ने छ

पूनश्च**:** सुचि दर्ता प्रकाशन पश्चात केन्द्र र सम्बन्धित व्यावसायिक संस्था/कम्पनी बीच द्विपक्षिय सम्झौता भए पश्चात मात्र सम्झौतामा भएका सबै व्यवस्था मान्य हुने सर्तमा घरायसी वायोग्यास प्लाण्ट निर्माण तथा जडान कार्य गर्न गराउन सकिने छ ।

(सम्झौता भए पश्चात डोम ग्यास पाईपको डिजाइन परिबर्तन गरिने छ । अनुदान प्रवाह पक्रिया लगायत अन्य विषयहरुलाई यस केन्द्र र व्यावसायिक संस्था/कम्पनी बीच हुने द्विपक्षिय सम्झौतामा उल्लेख गरिनेछ )